## मुख्यमन्त्री रोजगार कार्यक्रम कार्यान्वयनका लागि मार्ग निर्देशन पत्रः

माननीय मुख्य मन्त्री स्तरिय निर्णय अनुसार मुख्यमन्त्री रोजगार कार्यक्रम स्थानीय तहमा कार्यन्वयन हुने गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट कार्यक्रमको रकम जिल्ला स्थित सामाजिक विकास कार्यालयहरुमा पठाईएको छ । कार्यक्रम कार्यान्वन गर्न देहाय अनुसार मार्ग निर्देशन गरिएको छ ।

**(क) <u>स्थानीय तहलाइ मार्ग निर्देशनः</u>**

१. मुख्य मन्त्री रोजगार कार्यक्रम संचालन गर्न प्रत्येक स्थानीय तहहरुको लागि बजेट सिंलिगं तोकिएको छ सोही बजेट सिमा भित्र रहि कार्यक्रम संचालन गर्नु पर्नेछ ।

२. स्थानीय तहबाट सिफारिस भएका मध्ये मुख्यमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७६ को अनुसूची १ बमोजिमका क्षेत्रमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट तोकिएका योजनाहरु मध्येबाट मात्र कार्यान्वयनमा ल्याउनु पर्नेछ । संचालीत योजनाहरुको बिवरण सम्बन्धित सामाजिक विकास कार्यालय र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई गराउनुपर्नेछ।

३. स्थानीय तहको लागि तोकिएको बजेटको न्युनतम ७० प्रतिशत रकम योजना सम्बन्धी कामको ज्याला वा पारिश्रमीक भुक्तानीमा र अधिकतम ३० प्रतिशत रकम योजना संचालनमा सहयोग पुग्ने सामग्रीको खरिद गर्न उपयोग गर्नु पर्नेछ ।

४. मुख्य मन्त्री रोजगार कार्यक्रम संचालनको क्रममा थप चालु खर्च सिर्जना भएमा सम्बन्धित स्थानीय तहले आफ्नो नियमित बजेटबाट सो ब्ययभार ब्यहोर्नु पर्नेछ ।

५. मुख्य मन्त्री रोजगार कार्यक्रमबाट प्राप्त अनुदान रकमलाई कुनै प्रकारको तलब, भत्ता, चन्दा, पुरस्कारमा खर्च तथा दुरुपयोग गर्न पाइने छैन ।

६. स्थानीय तहमा रहेको प्रधानमन्त्री रोजगार कार्यक्रमको रोजगार संयोजकलाइ नै मुख्य मन्त्री रोजगार कार्यक्रम कार्यान्वयनको काममा परिचालन गर्नु पर्नेछ।

७. आफ्नो क्षेत्र भित्रको बेरोजगार सूचीमा सुचीकृत तथा कोभिड- १९ बाट रोजगार गुमाएका वेरोजगार व्यक्तिलाई मुख्य मन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजनाहरुको काममा लगाउनुपर्नेछ । सो को सूची साथै प्रगति बिबरण/प्रतिवेदन मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र सामाजिक विकास कार्यालयलाई उपलब्ध गराउनु पर्नेछ।

८. मुख्य मन्त्री रोजगार कार्यक्रम कार्यान्वयनमा वित्तीय अनुशासन तथा पारदर्शिता कायम गरी बजेटको सदुपयोग पुष्टि गर्ने, लेखा राख्ने, सार्बजनिक लेखा परिक्षण तथा आन्तरिक एवं अन्तिम लेखापरीक्षण गराउने साथै बजेट सम्बन्धमा कानूनी रुपले प्रमाणित गर्ने सम्पूर्ण जिम्मेवारी, उत्तरदायित्व तथा जबाफदेहिता बहन सम्बन्धित स्थानीय तहले गर्नु पर्नेछ ।

९. मुख्य मन्त्री रोजगार कार्यक्रमबाट उपलब्ध भएको बजेट सदुपयोगका विषयमा मुख्य मन्त्री तथा मन्त्रीपरिषदको कार्यालय वा सामाजिक बिकास कार्यालय वा सरोकार राख्ने निकायहरुबाट कुनै पनि समयमा हुने निरिक्षण, अनुगमन तथा मूल्यांकनमा स्थानीय तहले पूर्ण रुपमा सहयोग गर्नु पर्नेछ ।

१०. कार्यक्रम संचालन गर्नको लागि मुख्य मन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७६ तथा सम्झौता पत्रमा उल्लेखित प्रावधानहरुलाइ आधार लिइ प्रचलित कानून बमोजिम खर्च भुक्तानी गरी लेखा अभिलेख राख्नु पर्नेछ ।

११. आ.व. २०७६।०७७ को असार २० गते सम्म स्थानीय तहले आफ्नो योजनाहरुको कार्य प्रगति र कार्यसम्पन्न अवस्था अनुसार जस्तैः खर्चका विल, भरपाई, लगत इष्टिमेट, नापी किताव, मूल्याङ्कन एवं कार्य सम्पन्न प्रतिवेदनका प्रमाणित प्रतिलिपिहरु, योजनाका फोटोहरु, सार्बजनिक सुनुवाइको प्रतिवेदन जस्ता खर्च पुष्टी हुने कागजात, प्रमाणहरु संलग्न राखि योजना कार्यान्वयन पुस्टयाइ सम्बन्धी प्रतिवद्धता उल्लेख गरी खर्च शोधभर्ना माग गरिएको पत्र सम्बन्धीत सामाजिक बिकास कार्यालयमा पेश गरी नियमानुसार भुक्तानी लिनु पर्नेछ । यथा समय भित्र भुक्तानी नलिएको वा कागजात प्रमाण पेश गर्न नसकेको अवस्थामा स्थानीय तह आफै जिम्मेवार हुनु पर्नेछ ।

१२. स्वीकृत सम्झौता पत्रमा स्थानीय तहबाट हस्ताक्षर भई सम्बन्धित सामाजिक विकास कार्यालयमा पेश गरेपछि मात्र कार्यक्रम संचालन गर्नुपर्नेछ।

(ख) सामाजिक बिकास कार्यालयहरुको लागि मार्ग निर्देशनः

१. जिल्ला स्थित सामाजिक विकास कार्यालयहरुले आफ्नो क्षेत्राधिकार भित्रको स्थानीय तहहरुमा तोकिएको बजेट सिमा भित्र रहि कार्यक्रम कार्यान्वयन, अनुगमन, मुल्याकंन तथा प्रतिवेदन गर्नु गराउनु पर्नेछ ।

२. योजना सम्बन्धी स्थानीय तहहरुबाट प्राप्त प्रमाणित प्रतिलिपि प्रमाणहरु जस्तैः खर्च विल, भरपाई, प्रतिलिपिहरु (प्रमाणित), लगत इष्टिमेट, नापी किताव, मूल्याङ्कन प्रतिवेदन (प्रमाणित), योजना सम्पन्न भएको प्रतिवद्धता, योजना सम्पन्न भएको फोटोहरु आदि नियमानुसार खर्च पुष्टयाई हुने कागजातहरु सहित रकम निकाशा सम्बन्धी पत्र सामाजिक विकास कार्यालयमा पेश गरिसकेपछि मात्र सामाजिक विकास कार्यालयले स्थानीय तहको लागि भुक्तानी आदेश बाट योजना रकम भुक्तानी गर्नेछ।

३. आ.व. २०७६।०७७ को असार २० गते सम्म स्थानीय तहहरुले आ–आफ्नो योजनाहरुको कार्य प्रगति र कार्यसम्पन्न अवस्था अनुसार पेश गरेको प्रमाणित प्रतिलिपि प्रमाणहरु जस्तैः खर्चका विल, भरपाई, लगत इष्टिमेट, नापी किताव, मूल्याङ्कन एवं कार्य सम्पन्न प्रतिवेदनका प्रमाणित प्रतिलिपिहरु, योजनाका फोटोहरु, सार्बजनिक सुनुवाइको प्रतिवेदन जस्ता खर्च पुष्टी हुने कागजात प्रमाणहरु संलग्न राखि योजना कार्यान्वयन पुस्टयाइ सम्बन्धी प्रतिवद्धता उल्लेख गरी खर्च शोधभर्ना माग गरिएको पत्रका आधारमा सामाजिक बिकास कार्यालयले नियमानुसार सम्बन्धित स्थानीय तहको नाममा भुक्तानी दिनु पर्नेछ । यथा समय भित्र भुक्तानी नलिएको वा कागजात प्रमाण पेश गर्न नसकेको अवस्थामा स्थानीय तह आफै जिम्मेवार हुनु पर्नेछ ।

४. मुख्य मन्त्री रोजगार कार्यक्रम कार्यान्वयन तथा उपलब्धी सम्बन्धी अनुगमन, मुल्याकंन तथा प्रतिवेदनको कार्यमा चालु आ.ब. का लागि स्वीकृत सम्बन्धीत कार्यक्रम अन्तर्गतको बजेटबाट नियमानुसार खर्च गर्न सकिनेछ ।

५. मुख्यमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका २०७६ तथा सम्झौता शर्तहरु बमोजिम कार्यक्रम कार्यान्वयन गर्नु पर्नेछ । रोजगार निर्देशिका तथा सम्झौता फाराम यसै बमोजिम संलग्न छ ।

६. स्थानीय तहलाई कार्यक्रम कार्यान्वयन गर्न समन्वय, सहजिकरण गर्नु पर्नेछ ।

७. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई कार्य प्रगति सम्बन्धी विवरण एवं प्रतिवेदन यथा समयमा पेश गर्नु पर्नेछ।

८. स्थानीय तहबाट प्राप्त सम्झौता पत्रमा सामाजिक विकास कार्यालयबाट हस्ताक्षर गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउनु पर्नेछ।